मिति: २०८१/०२/३१

# अन्तर पार्टी निर्देशन–१४

प्रिय कमरेडहरू,

हामीले आजभन्दा **तेत्तिस** महिना पहिले दक्षिणपन्थी अवसरवाद र विसर्जनवाद तथा लोकतन्त्र विरोधी प्रवृत्तिका विरुद्ध विद्रोह गर्दै समाजवादी कार्यदिशा र कार्यक्रमका साथ अघि बढ्ने उद्घोष गरेका थियौं । हाम्रो विद्रोहले नेपालको कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरणको एउटा चुनौतीपूर्ण ऐतिहासिक अभिभारा बोकेका छ । दक्षिणपन्थी यथास्थितिवादबाट मुक्त गर्दै समाजवादको दिशामा सम्पूर्ण कम्युनिष्ट तथा प्रगतिशील शक्तिहरूलाई गोलबन्द गर्नु र कम्युनिष्ट आन्दोलनलाई नयाँ उचाईंमा पुऱ्याउने असाधारण जिम्मेवारी हाम्रो काँधमा आएको छ । यस पार्टीका हामी हरेक सदस्यले आ-आफ्नो कार्यक्षेत्रमा आजका अनेकन समस्या र चुनौतीहरूको सामना गर्दै सिङ्गो कम्युनिष्ट आन्दोलनलाई सही कार्यदिशाका आधारमा एकताबद्ध बनाउने र नेपालमा समाजवादको भविष्यलाई सुनिश्चित गर्न हामी आफैले कबुल गरेका प्रतिवद्धताहरू हुन् । अहिले हामी महाधिवेशनबाट विद्रोहको आवश्यकता र हाम्रा प्रयासहरूको समीक्षा तथा विद्रोह गर्दा नै अवलम्बन गरिएका समाजवादी लक्ष्य, कार्यदिशा र नीतिको अनुमोदनगर्दै नेपाली विशेषताको समाजवादी कार्यक्रम निर्माण गर्ने बिन्दुमा आइपुगेका छौं । उल्लिखित ऐतिहासिक जिम्मेवारी पूरा गर्नुपर्ने यस समयले हामी सबैबाट अझ बढी धैर्यता, दूरदृष्टि, दृढता र एकताको माग गरेको छ ।

अहिले हाम्रो पार्टीको दशौं राष्ट्रिय महाधिवेशनको तयारीका काम सघन रूपमा भइरहेका छन् । महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजहरू केन्द्रीय कमिटीबाट पारित गरी छलफलका लागि पार्टी पङ्क्तिमा पाठाइएको छ । सङ्गठित पार्टी सदस्यता अर्थात् महाधिवेशनका प्रतिनिधि छनौट गर्ने मतदाता नामावली तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ । उक्त नामावली यथाशिघ्र सम्बन्धित जिल्ला कमिटी, निकाय र क्षेत्रमा पठाइने छ ।

**<u>पार्टी केन्द्रीय सचिवालयका बिभिन्न बैठकले गरेका निर्णयहरू :-</u>**

१. **प्रतिनिधि निर्वाचन निर्देशिका-२०८१ र निर्वाचन आचार संहिता :** हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) को ऐतिहासिक दशौं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि चयन गर्ने कार्यलाई व्यवस्थित र विवादरहित गराउने उद्देश्यले **दशौं राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन निर्देशिका-२०८१ र आचार संहिता** पारित गरिएको छ। उक्त निर्देशिका र आचार संहिता **अनुसूची–१** मा समावेश गरिएको छ । निर्देशिका र आचार संहिता कडाईकासाथ पालना गर्न निर्देशित गरिन्छ ।

२. **विभिन्न क्षेत्रबाट निर्वाचित हुने/प्रतिनिधित्व गर्ने प्रतिनिधिहरूको निर्वाचन क्षेत्र, अनुपात र सङ्ख्या :** दशौं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि चयन गर्दा भूगोलका सङ्घीय निर्वाचन क्षेत्र र उपत्यका प्रदेश तथा सम्पर्क प्रदेश अन्तर्गतका जिल्ला कमिटीका कार्यक्षेत्रबाट १२५ सङ्गठित पार्टी सदस्य बराबर १ प्रतिनिधिका दरले प्रतिनिधि छनोट गर्ने तर शेष भागमा थप सङ्ख्या आउनका निम्ति कुल सदस्य सङ्ख्यालाई १२५ ले भाग गर्दा कम्तिमा प्वाइन्ट पाँच (.५) रहेको हुनुपर्ने । दशौं राष्ट्रिय महाधिवेशनमा आयोजक प्रतिनिधि हुने पार्टी केन्द्रीय कमिटी सदस्य र केन्द्रीय आयोगका सदस्यहरू, भारत प्रवास, अन्य

प्रवास, केन्द्रीय विभागहरू, केन्द्रीय कार्यालय, पार्टी सम्बद्ध विभिन्न महासंघहरू एवम् जनसंगठनहरूबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सङ्ख्या र निर्वाचन क्षेत्र **अनुसूची-२** मा समावेश गरिएको छ ।

३. **जिम्मेवारी तोकिएको सम्बन्धमा :** प्रतिनिधि निर्वाचनका लागि प्रदेश इञ्चार्ज, सहइञ्चार्जहरू तथा अध्यक्ष, जिल्ला इञ्चार्ज तथा सहइञ्चार्जहरू, जनसंगठनका इञ्चार्ज तथा सहइञ्चार्जहरू, केन्द्रीय विभागका प्रमुखहरू र केन्द्रीय कार्यालय सचिवले आ-आफ्नो कार्यक्षेत्रका निर्वाचनको अनुगमन गर्ने ।

५. **सम्पूर्ण कामलाई महाधिवेशन केन्द्रीत गर्ने :** पार्टी तथा जनसंगठनका सबै तहका कमिटीहरूले आजका मितिदेखि दशौं राष्ट्रिय महाधिवेशन सम्पन्न नहुँदासम्म सम्पूर्ण कामहरू महाधिवेशन केन्द्रीत गर्ने । अन्य कुनै पनि गतिविधिहरू सञ्चालन नगर्ने ।

६. **जिम्मेवारी प्रदान :** नेकपा (एमाले) कर्णाली प्रदेश कमिटीका सदस्य **क. तिलक बि.क. सल्यानी**ले उक्त पार्टी परित्याग गरी हाम्रो पार्टीका आबद्ध भएकाले उहाँलाई सम्पर्क विशेष प्रदेश कमिटीको सदस्यमा मनोनयन गरिएको छ ।

प्रिय कमरेडहरू,

विद्रोहको जगमा उभिएको हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को ऐतिहासिक दशौं राष्ट्रिय महाधिवेशन भव्यताकासाथ सम्पन्न गर्ने दायित्व हामी सबैको काँध आएको छ । यस ऐतिहासिक जिम्मेवारी पूरा गर्न एकतावद्ध भएर अघि बढ्न सम्पूर्ण कमरेडहरूलाई आह्वान गर्दछु ।

क्रान्तिकारी अभिवादन सहित ।

माधवकुमार नेपाल

............................

माधवकुमार नेपाल
अध्यक्ष

**अनुसूची–१**

नेकपा (एकीकृत समाजवादी)

# दशौं राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन निर्देशिका-२०८१

## १. उद्देश्य :

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को ऐतिहासिक दशौं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि चयन गर्ने कार्यलाई व्यवस्थित र विवादरहित गराउने ।

## २. प्रतिनिधि छानिने क्षेत्र, अनुपात र सङ्ख्या :

दशौं राष्ट्रिय महाधिवेशनका लागि आयोजक र विभिन्न क्षेत्रबाट निर्वाचित भएर आउने प्रतिनिधिहरूको निर्वाचन क्षेत्र, अनुपात एवं सङ्ख्या निम्नानुसार हुनेछ :

२.१. पार्टी केन्द्रीय कमिटी र केन्द्रीय आयोगका सदस्यहरू आयोजकको हैसियतमा दशौं राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

२.२. भूगोलका सङ्घीय निर्वाचन क्षेत्र र उपत्यका प्रदेश तथा सम्पर्क प्रदेश अन्तर्गतका जिल्ला कमिटीका कार्यक्षेत्रबाट १२५ सङ्गठित पार्टी सदस्य बराबर १ प्रतिनिधिका दरले प्रतिनिधि छनोट गर्ने तर थप सङ्ख्या आउनका निम्ति कुल सदस्य सङ्ख्यालाई १२५ ले भाग गर्दा शेष भाग कम्तिमा प्वाइन्ट पाँच (.५) रहेको हुनुपर्ने । यस अनुसार हुने प्रत्येक निर्वाचन क्षेत्रको प्रतिनिधि सङ्ख्या **अनुसूची-२** मा दिइएको छ । अनुसूची-२ उल्लिखित संख्या अनुसार नै प्रतिनिधिको छनोट गर्नु पर्नेछ ।

२.३. भूगोलका सङ्घीय निर्वाचन क्षेत्र र उपत्यका प्रदेश तथा सम्पर्क प्रदेश अन्तर्गतका जिल्ला कमिटीका निर्वाचन क्षेत्रमा कम्तिमा २५ जना सङ्गठित पार्टी सदस्य भएमा मात्रै प्रतिनिधि छनोट गर्न सकिने छ ।

२.४. उपर्युक्त अनुपातमा प्रतिनिधि छनोट गर्दा दुई जनासम्म प्रतिनिधि आउने क्षेत्रबाट खुला रूपमा छनोट गर्ने ।

२.५. ३ जना प्रतिनिधि आउने क्षेत्रबाट १ जना, ७ जना प्रतिनिधि आउने क्षेत्रबाट २ जना, ११ जना प्रतिनिधि आउने क्षेत्रबाट ३ जना, १५ जना प्रतिनिधि आउने क्षेत्रबाट ४ जना, १९ जना प्रतिनिधि आउने क्षेत्रबाट ५ जना, २३ जना वा सोभन्दा बढी प्रतिनिधि आउने क्षेत्रबाट ६ जना महिला प्रतिनिधि छनोट गर्ने ।

२.६. ५ जना प्रतिनिधि आउने क्षेत्रबाट १ जना, १२ जना प्रतिनिधि आउने क्षेत्रबाट २ जना र २० जना वा सोभन्दा बढी प्रतिनिधि आउने क्षेत्रबाट ३ जना दलित समुदायका प्रतिनिधि छनोट गर्ने ।

२.७. ७ जना वा सोभन्दा बढी प्रतिनिधि आउने क्षेत्रबाट प्रत्येक ७ जनामा १ जना २५-४० वर्षका युवा प्रतिनिधि छनोट गर्ने । युवा प्रतिनिधि महिला, दलित वा खुला जुनसुकै कलष्टरबाट पनि आउन सक्नेछन् ।

२.८. मजदुरका लागि विशेष आरक्षणका रूपमा एकीकृत ट्रेड युनियन महासङ्घको जिल्ला कमिटी गठन भएका जिल्लाहरू–काठमाडौं, ललितपुर, भक्तपुर, मोरङ, उदयपुर, सिराहा, सर्लाही, धनुषा, बारा, मकवानपुर, चितवन, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, लमजुङ, परासी, रूपन्देही, बाँके र

कञ्चनपुरबाट एक/एक जना मजदुर प्रतिनिधि छनोट गर्ने । मजदुर प्रतिनिधिका लागि उम्मेदवारी जिल्ला स्तरमा दर्ता हुनेछ । एकभन्दा बढीको उम्मेदवारी दर्ता भएमा सम्बन्धित जिल्लाका सबै निर्वाचन क्षेत्रमा मतदान हुनेछ ।

२.९. पेशागत महासङ्घ नेपालको जिल्ला स्तरीय कमिटी भएका जिल्लामा उक्त महासङ्घ आबद्ध कमरेडहरूको प्रतिनिधित्व गराउन ध्यान दिने ।

२.१०. केन्द्रीय सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चलाई एकएक निर्वाचन क्षेत्र मान्ने र प्रत्येकबाट ५ जना प्रतिनिधि छनोट गर्ने । प्रतिनिधिमा नपरेका केन्द्रीय सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका कमरेडहरूलाई पर्यवेक्षकका रूपमा महाधिवेशनमा सहभागी गराउने ।

२.११. केन्द्रीय विभाग र केन्द्रीय कार्यालय प्रत्येकबाट १/१ जना प्रतिनिधि छनोट गर्ने ।

२.१२. एकीकृत ट्रेड युनियन महासङ्घ, पेशागत महासङ्घ नेपाल, अखिल नेपाल किसान महासङ्घ र नेपाल खेलकुद महासङ्घ (समाजवादी) प्रत्येकबाट कम्तिमा ४ जना महिला र २ दलितसहित १५ जना प्रतिनिधि छनोट गर्ने ।

२.१३. नेपाल राष्ट्रिय उद्योग तथा व्यवसायी महासङ्घ र नेपाल आदिवासी जनजाती महासङ्घ (समाजवादी) बाट कम्तिमा २ महिलासहित १० जना प्रतिनिधि छनोट गर्ने ।

२.१४. राष्ट्रिय जनसाँस्कृतिक महासङ्घ (समाजवादी) बाट कम्तिमा १ महिला र १ दलितसहित ५ जना प्रतिनिधि छनोट गर्ने ।

२.१५. अखिल नेपाल महिला सङ्घबाट ७ जना प्रतिनिधि छनोट गर्ने ।

२.१६. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन र युवा सङ्घ नेपाल प्रत्येकबाट कम्तिमा २ महिलासहित ८ जना प्रतिनिधि छनोट गर्ने ।

२.१७. समाजवादी प्रेस सङ्गठन, नेपाल दलित मुक्ति सङ्गठन, समाजवादी पेशागत कानून व्यवसायी सङ्गठन नेपाल, बुद्धिजीवी परिषद् (समाजवादी), नेपाल भू.पू. सैनिक तथा प्रहरी सङ्गठन (समाजवादी), नेपाल मुस्लिम इत्तेहाद सङ्गठन, समाजवादी अपाङ्गता सङ्गठन-नेपाल, समाजवादी इन्जिनियर्स एशोसियसन-नेपाल, समाजवादी सहकारी सङ्गठन, नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन र नेपाल रिटर्नी एशोसिएसन प्रत्येकबाट कम्तिमा १ महिलासहित ३ जना प्रतिनिधि छनोट गर्ने ।

२.१८. भारत प्रबासबाट कम्तिमा २ महिलासहित ८ जना प्रतिनिधि छनोट गर्ने ।

२.१९. अन्य प्रबासबाट कम्तिमा २ महिलासहित १५ जना प्रतिनिधि छनोट गर्ने ।

२.२०. प्रतिनिधि छनोट गर्दा समग्र समावेशीता र महिला तथा दलित समुदायभित्रको समावेशीतामा पनि ध्यान दिने ।

२.२२. प्रतिनिधि छनोट २०८१ असार ५ गते देशभरीका सबै निर्धारित क्षेत्रमा एकैदिन गर्ने ।

२.२३. **प्रतिनिधिको सङ्ख्या :**

| क्र.सं. | क्षेत्र | महिला | दलित | खुला | जम्मा |
|---|---|---|---|---|---|
| १ | भूगोलका सङ्घीय निर्वाचन क्षेत्र | २६४ | १२४ | ७६९ | ११५७ |
| २ | उपत्यका प्रदेशका जिल्ला कमिटीका कार्यक्षेत्र | ५ | २ | १६ | २३ |
| ३ | प्रदेश सम्पर्क कमिटी क्षेत्र | ४ | ३ | १५ | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भारतप्रबास क्षेत्र | २ | - | ६ | ८ |
| ५ | अन्य प्रवास क्षेत्र | २ | - | १३ | १५ |
| ६ | केन्द्रीय सल्लाहाकार परिषद् | - | - | ५ | ५ |
| ७ | केन्द्रीय ज्येष्ट कम्युनिष्ट मञ्च | - | - | ५ | ५ |
| ८ | विभिन्न महासङ्घहरू | २१ | ९ | ५५ | ८५ |
| ९ | जनसङ्गठनहरू | २२ | - | ३२ | ५६ |
| १० | केन्द्रीय कमिटीबाट | १०३ | ११ | २३२ | ३४६ |
| ११ | केन्द्रीय आयोगहरूबाट | ३ | १ | ९९ | १०४ |
| १२ | केन्द्रीय विभाग र केन्द्रीय कार्यालयबाट | - | - | ३२ | ३२ |
| १३ | मजदुर विशेष आरक्षण | - | - | २० | २० |
| | **जम्मा** | **४२५** | **१५०** | **१३०३** | **१८७८** |
| | **प्रतिशत** | **२२.६३** | **८.००** | **६९.३७** | **१००** |

२.२४. यदि कुनै निर्वाचन क्षेत्रमा महाधिवेशनको प्रतिनिधि बन्नका लागि तोकिएको योग्यता पुगेका महिला, दलित वा युवा उम्मेदवार नभएमा खुला क्षेत्रबाटै प्रतिनिधि छान्न सकिनेछ ।

२.२५. महासङ्घ र जनसङ्गठनहरूबाट प्रतिनिधि छनोट गर्दा तत्तत् महासङ्घ र जनसङ्गठनका केन्द्रीय कमिटीका बैठक बसी सम्बन्धित महासङ्घ र जनसङ्गठनका केन्द्रीय कमिटीमा सङ्गठित कमरेडहरूमध्येबाट प्रतिनिधि छनोट गर्नु पर्नेछ ।

२.२६. दशौँ राष्ट्रिय महाधिवेशनमा आयोजक प्रतिनिधि रहेका कमरेडहरूले प्रतिनिधि निर्वाचनका लागि मतदान गर्नुहुने छैन । साथै, हरेक मतदाताले एक मात्र निर्धारित निर्वाचन क्षेत्रमा मतदान गर्न पाउने छन् । एक भन्दा बढी निर्वाचन क्षेत्रमा मतदान गरेमा आचारसंहिताको उलङ्घन गरेको मानिने छ ।

२.२७. प्रतिनिधि निर्वाचन र निर्वाचित प्रतिनिधिका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा महाधिवेशन प्रतिनिधि व्यवस्थापन कमिटीले हल गर्नेछ ।

**३. मतदाता :** केन्द्रीय सङ्गठन विभागबाट दशौँ महाधिवेशनका प्रतिनिधि निर्वाचित गर्ने मतदाताको रूपमा प्रमाणिकरण गरिएका पार्टीका सङ्गठित पार्टी सदस्यहरू मात्र दशौँ राष्ट्रिय महाधिवेशनका प्रतिनिधि छनोट गर्ने मतदाता हुनेछन् ।

**४. प्रतिनिधिको योग्यता :** दशौँ राष्ट्रिय महाधिवेशनको प्रतिनिधि चुनिनका लागि पार्टीको सङ्गठित पार्टी सदस्यता प्राप्त गरी कम्तिमा तीन वर्ष काम गरेको हुनुपर्ने छ। सङ्गठित पार्टी सदस्यता प्राप्त मिति पूर्ववत

पार्टीमा सङ्गठित सदस्यता प्राप्त गरेको मितिदेखिकै गणना हुनेछ । योग्यता नपुगेको व्यक्ति प्रतिनिधिमा छनोट भएमा प्रतिनिधि रद्द हुनेछ ।

**५. निर्वाचन कमिटी गठन :** जिल्ला/विशेष जिल्ला/सम्पर्क कमिटीहरू/प्रवास, पार्टी सम्बद्ध विभिन्न महासङ्घ र जनसङ्गठनका केन्द्रीय कमिटीहरूले प्रतिनिधि निर्वाचनका लागि केन्द्रीय आयोगका पदाधिकारी वा सदस्य वा केन्द्रीय सल्लाहकार परिषद्का सदस्य वा केन्द्रीय परिषद्का सदस्य वा अन्य जिम्मेवार कमरेडहरू रहनु भएको दशौँ महाधिवेशन प्रतिनिधि निर्वाचन कमिटी गठन गर्ने ।

**६. उम्मेदवार बन्न नपाउने :** निर्वाचन कमिटीमा रहने कमरेडहरूले प्रतिनिधि निर्वाचत हुनका लागि उम्मेदवार बन्न पाईने छैन ।

**७. प्रतिनिधि निर्वाचन कार्यतालिका :**

| क्र.सं. | कार्यक्रम | मिति | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १. | मतादाता नामावली प्रकाशन | २०८१/३/४ | १:०० | – | सम्बन्धित कमिटीले तोकेको स्थानमा | |
| २. | मनोनयन दर्ता | २०८१/३/५ | ८.०० | ९.०० | ” | |
| ३. | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन | २०८१/३/५ | ९.०० | ९.४५ | ” | |
| ४. | योग्यता नपुगेका उम्मेदवारका विरुद्धमा उजुरी दिने | २०८१/३/५ | ९.४५ | १०.३० | ” | |
| ५. | उजुरी माथी जाँच गर्ने | २०८१/३/५ | १०.३० | ११.१५ | ” | |
| ६. | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८१/३/५ | ११.१५ | ११.४५ | ” | |
| ७. | उम्मेदवारको नाम फिर्ता लिने | २०८१/३/५ | ११.४५ | १२.३० | ” | |
| ८. | सर्वसम्मती नभएमा मतदान गर्ने | २०८१/३/५ | १:३० | ५:३० | ” | |
| ९. | मतगणना | मतदान सकिए लगत्तै | | | ” | |

**९. प्रतिनिधि निर्वाचन आचार संहिता :**

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को ऐतिहासिक दशौँ राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि चयन गर्दा पालना गर्नुपर्ने आचरण देहायबमोजिम रहेका छन् :-

(क) विद्रोहबाट स्थापित हाम्रो पार्टीको ऐतिहासिक दशौं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि निर्वाचन गर्दा सकेसम्म सर्वसम्मति गर्न प्रयत्न गर्नु पार्टीका प्रत्येक सदस्यको जिम्मेवारी रहनेछ,

(ख) निर्वाचनका सन्दर्भमा कसैले पनि व्यक्तिगत आरोप प्रत्यारोप गर्न पाइने छैन्,

(ग) पार्टी विधान बमोजिम अनुशासन उलङ्घन गरेको मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन पाइने छैन्,

(घ) महाधिवेशन प्रतिनिधि चयनका लागि समुह बनाएर निर्वाचन लड्न पाइने छैन्,

(ङ) पार्टीका नेताहरू तथा उम्मेदवारको नाम प्रयोग गरेर पक्ष वा विपक्षमा हुने गरी प्रचार-प्रसार गर्न वा गराउन वा अन्य कुनै पनि किसिमका गतिविधि गर्न पाईने छैन् । साथै, नेताहरूको नाम, तस्विर अंकित ज्याकेट, टि-सर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, प्रदर्शन गर्न वा गराउन पाइने छैन,

(च) महाधिवेशन प्रतिनिधि चयनका लागि गुटगत भेला/बैठक आयोजना गर्न, समुहमा म्यासेज पठाउन, पर्चा पम्पलेट उत्पादन तथा वितरण गर्न, सामाजिक सञ्जाल, टेलिभिजन, रेडियो वा एफएम रेडियो लगायत अन्य डिजिटल माध्यमबाट प्रचार-प्रसार गर्न वा गराउन पाइने छैन,

(छ) जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र आदिको आधारमा मतदातालाई प्रभावित गर्न पाइने छैन,

(ज) महाधिवेशन प्रतिनिधि चयनका लागि पार्टी सदस्यहरूलाई प्रभावमा पार्न नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन पाईने छैन,

(झ) पार्टीको केन्द्रीय संगठन विभागले प्रमाणित गरेको सङ्गठित पार्टी सदस्यता विवरणमा कुनै किसिमले थपघट गर्न पाइने छैन,

(ञ) महाधिवेशन प्रतिनिधि चयनका लागि उम्मेदवारको मनोनयन दर्ता भएको समयदेखि मत परिणामको घोषणा नभएसम्म कुनै पनि उम्मेदवारका सम्बन्धमा परिणामको आंकलन वा सर्वेक्षण घोषणा गर्न वा प्रचार प्रसार गर्न पाइने छैन ।

(ट) आचारसंहिता उल्लङ्घन गरेको प्रमाणित भएमा निर्वाचित प्रतिनिधि खारेज हुनेछ ।

## १०. प्रतिनिधि शुल्क :

(क) प्रतिनिधि चयनका लागि आवेदन शुल्क न्यूनतम् रू. २००/- हुनेछ । आवेदन शुल्कका सम्बन्धमा थप निर्णय गर्नु परेमा सम्बन्धित क्षेत्रको प्रतिनिधि निर्वाचन कमिटीले गर्न सक्नेछ ।

(ख) दशौं राष्ट्रिय महाधिवेशन प्रतिनिधि शुल्क रू. १०००/- निर्धारण गरिएको छ ।

(ग) आयोजक प्रतिनिधिहरूको प्रतिनिधि शुल्क रू. ५०००/- निर्धारण गरिएको छ ।

## अनुसूची–२

| विभिन्न क्षेत्रबाट निर्वाचित भएर आउने प्रतिनिधिहरू (निर्वाचन क्षेत्र, अनुपात र सङ्ख्या) | | | | | | |
|---|---|---|---|---|---|---|
| १. कोशी प्रदेश | | | | | | |
| क्र.सं. | जिल्ला/ निर्वाचन क्षेत्र | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
| १ | ताप्लेजुङ | ५११ | १ | ० | ३ | ४ |
| २ | पाँचथर | ८३६ | २ | १ | ४ | ७ |
| ३ | खोटाङ | ९०८ | २ | १ | ४ | ७ |
| ४ | ओखलढुंगा | ४२६ | १ | ० | २ | ३ |
| ५ | संखुवासभा | ७०८ | १ | १ | ४ | ६ |
| ६ | सोलुखुम्बु | २३० | ० | ० | २ | २ |
| ७ | तेह्रथुम | १७० | ० | ० | १ | १ |
| ८ | भोजपुर | ६०९ | १ | १ | ३ | ५ |
| ९ | धनकुटा | ५१२ | १ | ० | ३ | ४ |
| १० | इलाम | ३१८५ | ६ | ३ | १६ | २५ |
| ११ | इलाम | ३०५ | ० | ० | २ | २ |
| १२ | झापा क्षेत्र नं.१ | ३१८ | १ | ० | २ | ३ |
| १३ | झापा क्षेत्र नं.२ | ५८४ | १ | १ | ३ | ५ |
| १४ | झापा क्षेत्र नं.३ | २९५ | ० | ० | २ | २ |
| १५ | झापा क्षेत्र नं.४ | ४०० | १ | ० | २ | ३ |
| १६ | झापा क्षेत्र नं.५ | १५० | ० | ० | १ | १ |
| १७ | मोरङ क्षेत्र नं.१ | ३४६ | १ | ० | २ | ३ |
| १८ | मोरङ क्षेत्र नं.२ | २१० | ० | ० | २ | २ |
| १९ | मोरङ क्षेत्र नं.३ | १२३१ | २ | १ | ७ | १० |
| २० | मोरङ क्षेत्र नं.४ | ४४३ | १ | ० | ३ | ४ |
| २१ | मोरङ क्षेत्र नं.५ | १६० | ० | ० | १ | १ |
| २२ | मोरङ क्षेत्र नं.६ | २४३ | ० | ० | २ | २ |
| २३ | सुनसरी क्षेत्र नं.१ | ४६९ | १ | ० | ३ | ४ |
| २४ | सुनसरी क्षेत्र नं.२ | १०१३ | २ | १ | ५ | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | सुनसरी क्षेत्र नं .३ | २२२ | ० | ० | २ | २ |
| २६ | सुनसरी क्षेत्र नं .४ | ८०५ | १ | १ | ४ | ६ |
| २७ | उदयपुर क्षेत्र नं .१ | १६९४ | ३ | २ | ९ | १४ |
| २८ | उदयपुर क्षेत्र नं .२ | ८७८ | २ | १ | ४ | ७ |
| | **कोशीको जम्मा** | **१७८६२** | **३१** | **१४** | **९८** | **१४३** |

## २ . मधेश प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | बारा क्षेत्र नं .१ | ६३८ | १ | १ | ३ | ५ |
| २ | बारा क्षेत्र नं .२ | ५७१ | १ | १ | ३ | ५ |
| ३ | बारा क्षेत्र नं .३ | ८७२ | २ | १ | ४ | ७ |
| ४ | बारा क्षेत्र नं .४ | २०११ | ४ | २ | १० | १६ |
| ५ | धनुषा क्षेत्र नं .१ | ७७६ | १ | १ | ४ | ६ |
| ६ | धनुषा क्षेत्र नं .२ | २६४९ | ५ | ३ | १३ | २१ |
| ७ | धनुषा क्षेत्र नं .३ | १००५ | २ | १ | ५ | ८ |
| ८ | धनुषा क्षेत्र नं .४ | १२५२ | २ | १ | ७ | १० |
| ९ | महोत्तरी क्षेत्र नं .१ | १८२ | ० | ० | १ | १ |
| १० | महोत्तरी क्षेत्र नं .२ | २०७ | ० | ० | २ | २ |
| ११ | महोत्तरी क्षेत्र नं .३ | २२५ | ० | ० | २ | २ |
| १२ | महोत्तरी क्षेत्र नं .४ | १० | ० | ० | ० | ० |
| १३ | पर्सा क्षेत्र नं .१ | २२८ | ० | ० | २ | २ |
| १४ | पर्सा क्षेत्र नं .२ | ५१० | १ | ० | ३ | ४ |
| १५ | पर्सा क्षेत्र नं .३ | ३०६ | ० | ० | २ | २ |
| १६ | पर्सा क्षेत्र नं .४ | २५७ | ० | ० | २ | २ |
| १७ | रौतहट क्षेत्र नं .१ | २८२० | ६ | ३ | १४ | २३ |
| १८ | रौतहट क्षेत्र नं .२ | १५७२ | ३ | २ | ८ | १३ |
| १९ | रौतहट क्षेत्र नं .३ | १४०१ | ३ | १ | ७ | ११ |
| २० | रौतहट क्षेत्र नं .४ | ३५१५ | ६ | ३ | १९ | २८ |
| २१ | सप्तरी क्षेत्र नं .१ | ३२३ | १ | ० | २ | ३ |
| २२ | सप्तरी क्षेत्र नं .२ | ११५२ | २ | १ | ६ | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | सप्तरी क्षेत्र नं .३ | १४६६ | ३ | २ | ७ | १२ |
| २४ | सप्तरी क्षेत्र नं .४ | १४३६ | ३ | १ | ७ | ११ |
| २५ | सर्लाही क्षेत्र नं .१ | २०२५ | ४ | २ | १० | १६ |
| २६ | सर्लाही क्षेत्र नं .२ | १९९ | ० | ० | २ | २ |
| २७ | सर्लाही क्षेत्र नं .३ | १११३ | २ | १ | ६ | ९ |
| २८ | सर्लाही क्षेत्र नं. ४ | ३२ | ६ | ३ | २३ | ३२ |
| २९ | सिरहा क्षेत्र नं .१ | २८८१ | ६ | ३ | १४ | २३ |
| ३० | सिरहा क्षेत्र नं .२ | ७२ | ० | ० | १ | १ |
| ३१ | सिरहा क्षेत्र नं .३ | ४२७ | १ | ० | २ | ३ |
| ३२ | सिरहा क्षेत्र नं .४ | ८३६ | २ | १ | ४ | ७ |
| | **मधेशको जम्मा** | **३२९६९** | **६७** | **३४** | **१९५** | **२९६** |

## ३ . बागमती प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | भक्तपुर क्षेत्र नं .१ | १८३ | ० | ० | १ | १ |
| २ | भक्तपुर क्षेत्र नं .२ | २८० | ० | ० | २ | २ |
| ३ | चितवन क्षेत्र नं .१ | १३६१ | ३ | १ | ७ | ११ |
| ४ | चितवन क्षेत्र नं .२ | ९०४ | २ | १ | ४ | ७ |
| ५ | चितवन क्षेत्र नं .३ | ८७२ | २ | १ | ४ | ७ |
| ६ | धादिङ क्षेत्र नं .१ | २९२१ | ६ | ३ | १४ | २३ |
| ७ | धादिङ क्षेत्र नं .२ | १४१० | ३ | १ | ७ | ११ |
| ८ | दोलखा | २०२६ | ४ | २ | १० | १६ |
| ९ | काठमाडौं क्षेत्र नं .१ | १५७ | ० | ० | १ | १ |
| १० | काठमाडौं क्षेत्र नं .२ | ९२९ | २ | १ | ४ | ७ |
| ११ | काठमाडौं क्षेत्र नं .३ | २०० | ० | ० | २ | २ |
| १२ | काठमाडौं क्षेत्र नं .४ | ३१६ | १ | ० | २ | ३ |
| १३ | काठमाडौं क्षेत्र नं .५ | १५४ | ० | ० | १ | १ |
| १४ | काठमाडौं क्षेत्र नं .६ | १९२ | ० | ० | २ | २ |
| १५ | काठमाडौं क्षेत्र नं .७ | ४३५ | १ | ० | २ | ३ |
| १६ | काठमाडौं क्षेत्र नं .८ | २४३ | ० | ० | २ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | काठमाडौं क्षेत्र नं .९ | २६२ | ० | ० | २ | २ |
| १८ | काठमाडौं क्षेत्र नं .१० | ४४९ | १ | ० | ३ | ४ |
| १९ | काभ्रे क्षेत्र नं .१ | १७०९ | ३ | २ | ९ | १४ |
| २० | काभ्रे क्षेत्र नं .२ | २५६३ | ४ | २ | १२ | १८ |
| २१ | ललितपुर क्षेत्र नं .१ | ३९० | १ | ० | २ | ३ |
| २२ | ललितपुर क्षेत्र नं .२ | २०९ | ० | ० | २ | २ |
| २३ | ललितपुर क्षेत्र नं .३ | २४० | ० | ० | २ | २ |
| २४ | मकवानपुर क्षेत्र नं .१ | १५२० | ३ | २ | ७ | १२ |
| २५ | मकवानपुर क्षेत्र नं .२ | २२४६ | ४ | २ | १२ | १८ |
| २६ | नुवाकोट क्षेत्र नं .१ | ५०८ | १ | ० | ३ | ४ |
| २७ | नुवाकोट क्षेत्र नं .२ | ३९८ | १ | ० | २ | ३ |
| २८ | रामेछाप | ४१० | १ | ० | २ | ३ |
| २९ | रसुवा | ६३ | ० | ० | १ | १ |
| ३० | सिन्धुली क्षेत्र नं .१ | ७३६ | १ | १ | ४ | ६ |
| ३१ | सिन्धुली क्षेत्र नं .२ | ५१७ | १ | ० | ३ | ४ |
| ३२ | सिन्धुपाल्चोक क्षेत्र नं .१ | ४७६ | १ | ० | ३ | ४ |
| ३३ | सिन्धुपाल्चोक क्षेत्र नं .२ | ७१९ | १ | १ | ४ | ६ |
| | **बागमती प्रदेश जम्मा** | **२५९९८** | **४७** | **२०** | **१३८** | **२०५** |

## ४ . गण्डकी प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | बाग्लुङ क्षेत्र नं .१ | ५८१ | १ | १ | ३ | ५ |
| २ | बाग्लुङ क्षेत्र नं .२ | १७४ | ० | ० | १ | १ |
| ३ | गोरखा क्षेत्र नं .१ | ३७२ | १ | ० | २ | ३ |
| ४ | गोरखा क्षेत्र नं .२ | २९० | ० | ० | २ | २ |
| ५ | कास्की क्षेत्र नं .१ | ११३८ | २ | १ | ६ | ९ |
| ६ | कास्की क्षेत्र नं .२ | ८३८ | २ | १ | ४ | ७ |
| ७ | कास्की क्षेत्र नं .३ | ५१८ | १ | ० | ३ | ४ |
| ८ | लमजुङ | ३७१ | १ | ० | २ | ३ |
| ९ | मनाङ | ५१ | ० | ० | १ | १ |
| १० | मुस्ताङ | ४०६ | १ | ० | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | म्याग्दी | ४७१ | १ | ० | ३ | ४ |
| १२ | नवलपुर क्षेत्र नं.१ | १६५ | ० | ० | १ | १ |
| १३ | नवलपुर क्षेत्र नं.२ | २४६ | ० | ० | २ | २ |
| १४ | पर्वत | १४१५ | ३ | १ | ७ | ११ |
| १५ | स्याङ्जा क्षेत्र नं.१ | ८६८ | २ | १ | ४ | ७ |
| १६ | स्याङ्जा क्षेत्र नं.२ | २४६ | ० | ० | २ | २ |
| १७ | तनहुँ क्षेत्र नं.१ | २९५ | ० | ० | २ | २ |
| १८ | तनहुँ क्षेत्र नं.२ | ३५७ | १ | ० | २ | ३ |
| | **गण्डकीको जम्मा** | **८८०५** | **१६** | **५** | **४९** | **७०** |

## ५. लुम्बिनी प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | ८१७ | २ | १ | ४ | ७ |
| २ | बाँके क्षेत्र नं.१ | ९६८ | २ | १ | ५ | ८ |
| ३ | बाँके क्षेत्र नं.२ | ४४४ | १ | ० | ३ | ४ |
| ४ | बाँके क्षेत्र नं.३ | ७१० | १ | १ | ४ | ६ |
| ५ | बर्दिया क्षेत्र नं.१ | ९९६ | २ | १ | ५ | ८ |
| ६ | बर्दिया क्षेत्र नं.२ | ६३३ | १ | १ | ३ | ५ |
| ७ | दाङ क्षेत्र नं.१ | ४०३१ | ६ | ३ | २३ | ३२ |
| ८ | दाङ क्षेत्र नं.२ | ५७१ | १ | १ | ३ | ५ |
| ९ | दाङ क्षेत्र नं.३ | २७५ | ० | ० | २ | २ |
| १० | गुल्मी क्षेत्र नं.१ | ७७ | ० | ० | १ | १ |
| ११ | गुल्मी क्षेत्र नं.२ | ३१० | ० | ० | २ | २ |
| १२ | कपिलवस्तु क्षेत्र नं.१ | ३७ | ० | ० | १ | १ |
| १३ | कपिलवस्तु क्षेत्र नं.२ | ४६ | ० | ० | १ | १ |
| १४ | कपिलवस्तु क्षेत्र नं.३ | ३३२ | १ | ० | २ | ३ |
| १५ | परासी क्षेत्र नं.१ | ३७२ | १ | ० | २ | ३ |
| १६ | परासी क्षेत्र नं.२ | ५३ | ० | ० | १ | १ |
| १७ | पाल्पा क्षेत्र नं.१ | ३६९ | १ | ० | २ | ३ |
| १८ | पाल्पा क्षेत्र नं.२ | ६५० | १ | १ | ३ | ५ |
| १९ | प्युठान | ८३७ | २ | १ | ४ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | रोल्पा | ५७३ | १ | १ | ३ | ५ |
| २१ | रुकुम पूर्व | २२५ | ० | ० | २ | २ |
| २२ | रुपन्देही क्षेत्र नं .१ | ९०२ | २ | १ | ४ | ७ |
| २३ | रुपन्देही क्षेत्र नं .२ | ६९५ | १ | १ | ४ | ६ |
| २४ | रुपन्देही क्षेत्र नं .३ | ३८२ | १ | ० | २ | ३ |
| २५ | रुपन्देही क्षेत्र नं .४ | २०२ | ० | ० | २ | २ |
| २६ | रुपन्देही क्षेत्र नं .५ | ११२ | ० | ० | १ | १ |
| | **लुम्बिनीको जम्मा** | **१५६१९** | **२७** | **१४** | **८९** | **१३०** |

## ६ . कर्णाली प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | दैलेख क्षेत्र नं .१ | १८२० | ४ | २ | ९ | १५ |
| २ | दैलेख क्षेत्र नं .२ | २४७ | ० | ० | २ | २ |
| ३ | डोल्पा | २०११ | ४ | २ | १० | १६ |
| ४ | हुम्ला | ९३८ | २ | १ | ५ | ८ |
| ५ | जाजरकोट | २०४० | ४ | २ | १० | १६ |
| ६ | जुम्ला | २६५३ | ५ | २ | १४ | २१ |
| ७ | कालिकोट | २८७४ | ६ | ३ | १४ | २३ |
| ८ | मुगु | २८४७ | ६ | ३ | १४ | २३ |
| ९ | रुकुम पश्चिम | १२८० | २ | १ | ७ | १० |
| १० | सल्यान | ३४१२ | ६ | ३ | १८ | २७ |
| ११ | सुर्खेत क्षेत्र नं .१ | २१७ | ० | ० | २ | २ |
| १२ | सुर्खेत क्षेत्र नं .२ | ९८५ | २ | १ | ५ | ८ |
| | **कर्णालीको जम्मा** | **२१३२४** | **४१** | **२०** | **११०** | **१७१** |

## ७ . सुदुर पश्चिम प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | अछाम क्षेत्र नं .१ | १३८४ | ३ | १ | ७ | ११ |
| २ | अछाम क्षेत्र नं .२ | १०९४ | २ | १ | ६ | ९ |
| ३ | बैतडी | ९०२ | २ | १ | ४ | ७ |
| ४ | बझाङ | ३०७१ | ६ | ३ | १६ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | बाजुरा | ९६१ | २ | १ | ५ | ८ |
| ६ | डडेल्धुरा | १०७१ | २ | १ | ६ | ९ |
| ७ | दार्चुला | ८५७ | २ | १ | ४ | ७ |
| ८ | डोटी | १६८९ | ४ | २ | ८ | १४ |
| ९ | कैलाली क्षेत्र नं .१ | ४२२ | १ | ० | २ | ३ |
| १० | कैलाली क्षेत्र नं .२ | ६२६ | १ | १ | ३ | ५ |
| ११ | कैलाली क्षेत्र नं .३ | ५४८ | १ | ० | ३ | ४ |
| १२ | कैलाली क्षेत्र नं .४ | १८०३ | ३ | २ | ९ | १४ |
| १३ | कैलाली क्षेत्र नं .५ | ९०२ | २ | १ | ४ | ७ |
| १४ | कञ्चनपुर क्षेत्र नं .१ | २२४ | ० | ० | २ | २ |
| १५ | कञ्चनपुर क्षेत्र नं .२ | ७८२ | १ | १ | ४ | ६ |
| १६ | कञ्चनपुर क्षेत्र नं .३ | १३४२ | ३ | १ | ७ | ११ |
| | **सु.प.को जम्मा** | **१७६७९** | **३५** | **१७** | **९०** | **१४२** |

## ८ . उपत्यका प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | मजदुर जिल्ला कमिटी | ५५९ | १ | ० | ३ | ४ |
| २ | युवा जिल्ला कमिटी | ५०१ | १ | ० | ३ | ४ |
| ३ | विद्यार्थी जिल्ला कमिटी | ७२२ | १ | १ | ४ | ६ |
| ४ | पेशागत जिल्ला कमिटी | ७४८ | १ | १ | ४ | ६ |
| ५ | उद्योग व्यवसायी जिल्ला कमिटी | ३३२ | १ | ० | २ | ३ |
| | **उपत्यकाको जम्मा** | **२८६१** | **५** | **२** | **१६** | **२३** |

## ९ . सम्पर्क प्रदेश

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | कोशी सम्पर्क कमिटी | ३३१ | १ | ० | २ | ३ |
| २ | मधेश सम्पर्क कमिटी | ६०९ | १ | १ | ३ | ५ |
| ३ | बागमती सम्पर्क कमिटी | २२९ | ० | ० | २ | २ |
| ४ | गण्डकी सम्पर्क कमिटी | ६०५ | १ | १ | ३ | ५ |
| ५ | लुम्बिनी सम्पर्क कमिटी | १५२ | ० | ० | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कर्णाली सम्पर्क कमिटी | ६३७ | १ | १ | ३ | ५ |
| ७ | सु.प. सम्पर्क कमिटी | १६५ | ० | ० | १ | १ |
| | सम्पर्कको जम्मा | २७२८ | ४ | ३ | १५ | २२ |

## १० . भारत प्रबास

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | भारत प्रबासबाट | ३२९ | २ | – | ६ | ८ |
| | भारत प्रबास जम्मा | ३२९ | २ | ० | ६ | ८ |

## ११ . अन्य प्रबास

| क्र.सं. | जिल्ला | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | अन्य प्रबासबाट | ५४३ | २ | – | १३ | १५ |
| | अन्य प्रबासको जम्मा | ५४३ | २ | ० | १३ | १५ |

## १२ . मजदुर विशेष आरक्षण

| क्र.सं. | मजदुर विशेष आरक्षण | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|
| १ | मजदुर विशेष आरक्षण अन्तर्गत तोकिएका २० जिल्लाबाट एक एक जनाका दरले छनोट हुने | ० | ० | २० | २० |
| | जम्मा | ० | ० | २० | २० |

## १३ . विभाग तथा फाँट

| क्र.सं. | केन्द्रीय विभाग / कार्यालय | सङ्गठित पार्टी सदस्य | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|---|
| १ | केन्द्रीय विभागहरु ३१ | – | ० | ० | ३१ | ३१ |
| २ | केन्द्रीय कार्यालय | – | ० | ० | १ | १ |
| | जम्मा | – | ० | ० | ३२ | ३२ |

## १४ . महासंघ

| क्र.सं. | महासंघहरु | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|
| १ | एकीकृत ट्रेड युनियन महासंघ | ४ | २ | ९ | १५ |
| २ | पेशागत महासंघ नेपाल | ४ | २ | ९ | १५ |
| ३ | अखिल नेपाल किसान महासंघ | ४ | २ | ९ | १५ |
| ४ | नेपाल खेलकुद महासंघ समाजवादी | ४ | २ | ९ | १५ |
| ५ | नेपाल राष्ट्रिय उद्योग तथा व्यवसायी महासंघ | २ | ० | ८ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | नेपाल आदिवासी जनजाती महासंघ (समाजवादी) | २ | ० | ८ | १० |
| ७ | राष्ट्रिय जनसाँस्कृतिक महासंघ (समाजवादी) | १ | १ | ३ | ५ |
| | **जम्मा** | **२१** | **९** | **५५** | **८५** |

## १५ . जनसंगठन

| क्र.सं. | जनसंगठनहरु | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|---|
| १ | अखिल नेपाल महिला संघ | ७ | ० | ० | ७ |
| २ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन | २ | ० | ६ | ८ |
| ३ | युवा संघ नेपाल | २ | ० | ६ | ८ |
| ४ | समाजवादी प्रेस संगठन | १ | ० | २ | ३ |
| ५ | नेपाल दलित मुक्ति संगठन | १ | ० | २ | ३ |
| ६ | समाजवादी पेशागत कानून व्यवसायी संगठन | १ | ० | २ | ३ |
| ७ | नेपाल बुद्धिजीवी परिषद् (समाजवादी) | १ | ० | २ | ३ |
| ८ | नेपाल भू.पू. सैनिक तथा प्रहरी संगठन (समाजवादी) | १ | ० | २ | ३ |
| ९ | नेपाल मुस्लिम इत्तेहाद संगठन | १ | ० | २ | ३ |
| १० | समाजवादी अपाङ्गता संगठन, नेपाल | १ | ० | २ | ३ |
| ११ | समाजवादी इन्जिनियर्स एशोसियसन, नेपाल | १ | ० | २ | ३ |
| १२ | समाजवादी सहकारी संगठन | १ | ० | २ | ३ |
| १३ | नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन | १ | ० | २ | ३ |
| १४ | नेपाल रिटर्नी एशोसिएसन | १ | ० | २ | ३ |
| | **जम्मा** | **२२** | **०** | **३४** | **५६** |

## १६ . परिषद् तथा जेष्ठ कम्युनिष्ट मञ्च केन्द्रीय सल्लाहकार

| | | | | | |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय सल्लाहकार परिषद् पदाधिकारी तथा सदस्यहरु बिचबाट निर्वाचित | ० | ० | ५ | ५ |
| २ | जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी तथा सदस्यहरु बिचबाट निर्वाचित | ० | ० | ५ | ५ |
| | **जम्मा** | **०** | **०** | **१०** | **१०** |

माधव कुमार नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| **१७ . केन्द्रीय कमिटी** | | | | | |
| १ | केन्द्रीय कमिटीका सदस्यहरू आयोजकको हैसियतले प्रतिनिधि हुने संख्या | १०२ | ११ | २३३ | ३४६ |
| **१८ . केन्द्रीय आयोगहरू** | | | | | |
| १ | केन्द्रीय आयोगका सदस्यहरू आयोजकको हैसियतले प्रतिनिधि हुने संख्या | ३ | १ | १०० | १०४ |
| | | | | **जम्मा सङ्गठित संख्या** | **१४६७१७** |

| | महिला | दलित | खुल्ला | जम्मा प्रतिनिधि |
|---|---|---|---|---|
| **जम्मा प्रतिनिधि** | **४२५** | **१५०** | **१३०३** | **१८७८** |
| **प्रतिनिधित्व प्रतिशत** | **22.63%** | **8.00%** | **69.37%** | **100%** |

**महिला प्रतिनिधित्वको अनुपात**

| जम्मा प्रतिनिधि | महिला प्रतिनिधि |
|---|---|
| 3 | 1 |
| 7 | 2 |
| 11 | 3 |
| 15 | 4 |
| 19 | 5 |
| 23 | 6 |

**दलित प्रतिनिधित्वको अनुपात**

| जम्मा प्रतिनिधि | दलित प्रतिनिधि |
|---|---|
| 5 | 1 |
| 15 | 2 |
| 20 | 3 |